# जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको औषधी उपचार दिए वापत अस्पतालहरूलाई सोधभर्ना सम्बन्धि कार्य संचालन कार्यविधि

आ.व. २०७९/८०

स्वीकृत मिति - २०७९।०८।२६ (मा. मन्त्रीस्तर)

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

डा. रोशन पोखरेल
सचिव

**कार्यक्रमको नामः "जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको औषधी उपचार गरे वापत अस्पतालहरूलाई सोधभर्ना"**

**पृष्ठभुमि**

"जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको औषधी उपचार गरे वापत अस्पतालहरूलाई सोधभर्ना" उपलब्ध गराउन यो कार्यक्रम नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखामा चालु आ.व २०७९/८० को स्वीकृत कार्यक्रममा बजेट उपशिर्षक नं ३७००१११६, क.स. ७.१.४.१७, खर्च शिर्षक २७११२ मा नेपाल सरकारको श्रोतबाट रू ५,००,००,०००/- (अक्षरूपी पाचँ करोड रूपैया मात्र) बजेट व्यवस्थापन गरिएको छ। जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूले औषधी उपचार प्राप्त गर्नेछन् भन्ने उद्देश्यका साथ यस कार्यक्रम राख्रिएको हो।

वि.स.२०५२ फागुन १ देखि विस्तृत शान्ति सम्झौता हुने अवधि सम्म भएको जनयुद्ध, वि.स. २०६२/६३ मा लोकतन्त्र पुर्नस्थापनाको लागि भएको जनआन्दोलन तथा आन्दोलन तथा बिभिन्न समयमा भएका मधेश/तराई आन्दोलनको क्रममा घाईते भएका व्यक्तिहरू, द्वन्द्वको क्रममा घाईते भएका तथा बि.स. २०७२ मा गएको बिनासकारी महाभुकम्पका कारण चोटपटक लागि घाईते भएकाहरूको उपचारमा सहयोग गर्न राज्य कोषबाट यो कार्यक्रम कार्यान्वयनका लागि निर्देशिका तयार गर्नु आवश्यक देखिएकोले यस कार्य संचालन निर्देशिका तयार गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** "जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको औषधी उपचार दिए वापत अस्पतालहरूलाई सोधभर्ना सम्बन्धि कार्य संचालन कार्यविधि आ.व. २०७९/८०" रहेको छ।

   यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

   (क) जनयुद्ध अवधिः वि.स.२०५२ साल फागुन १ गते देखि सम्वत् २०६३ साल मंसिर ५ गतेसम्म राज्यपक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व सम्झनुपदर्छ।

   (ख) जनआन्दोलनः वि.स.२०६२/६३ को जनआन्दोलनलाई सम्झनु पदर्छ।

   (ग) मधेश/तराई आन्दोलनः लोकतन्त्र पुर्नस्थापनाको लागि विभिन्न चरणमा मधेश/तराईमा भएको आन्दोलनलाई सम्झनुपर्दछ।

**डा. रोशन पोखरेल**
**सचिव**

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

(घ) द्वन्द्वपीडितः जनयुद्व, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनको क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाईते भई सोको परिचय खुल्ने पत्र भएका व्यक्तिहरुलाई सम्झनुपर्दछ।

(ङ) भुकम्पः वि.स.२०७२ सालको भुकम्पलाई सम्झनु पर्दछ।

(च) घाईतेः जनयुद्व, जनआन्दोलन तथा मधेश/तराई आन्दोलन तथा भुकम्पका कारणले अपाङ्ग, अङ्गभङ्ग वा घाईते भई स्वास्थ्य समस्या सृजना भएका र सो को परिचयपत्र वा सिफारिसपत्र बहाक व्यक्तिलाई सम्झनुपर्दछ।

३. कार्यक्रम संचालन विधिः

(१) घाईतेले देश भित्र रहेका सरकारी/सामुदायिक अस्पतालहरूमा औषधी उपचार गराउनु पर्नेछ।

(२) घाईतेको औषधी उपचार बापत लागेको खर्च नेपाल सरकारले सम्बन्धित अस्पताललाई बिल भर्पाइको आधारमा दोहोरो नपर्ने गरि सोधभर्ना भुक्तानी दिईने छ।

(३) अस्पतालले घाईतेलाई औषधी उपचार दिए बापतको सोधभर्ना नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखासंग माग गर्दा निम्न बमोजिमको कागजात संलग्न गरी प्रतिवेदन पेश गर्नुपर्नेछ।

(क) निवेदन

(ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट घाईतेहरुको औषधी उपचारको लागि सिफारिस गारेको पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यलय/गृहमन्त्रालयको सिफारिस पत्र।

(ग) अस्पताल प्रमुखबाट प्रमाणित बिल भर्पाई (औषधी उपचारको लागि खर्च भएको रकम मात्र)।

(४) उपचार खर्च सम्बन्धित अस्पतालको सेवा शुल्क अनुसार सोधभर्नाको लागि माग गर्नु पर्नेछ ।

(५) सोधभर्ना भुक्तानी माग गर्दा स्वास्थ्य संस्था प्रमुख र उपचारमा संग्लन स्वास्थ्यकर्मी/ चिकित्सक वा विभागिय प्रमुखबाट अनुसूची १ को ढाँचामा प्रमाणित गरि सिफारीस साथ पठाउनु पर्नेछ ।

(६) नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा सिफारिसमा औषधी उपचार गराए बापत अस्पताललाई सोधभर्ना दिईनेछ।

(७) अस्पतालहरुले सबै घाईतेहरुको उपचार सम्बन्धमा अनसूची १ बमोजिम अभिलेख प्रतिवेदन तयार गरि अनुसूची २ बमोजिमको ढाँचामा विवरण नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन अध्ययन, विश्लेषण गरी सोधभर्नाका लागि आर्थिक प्रशासन शाखा लाई सिफारिस गरिनेछ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव

४. **अभिलेखन तथा प्रतिवेदनः** प्रत्येक घाईतेको औषधी उपचार सम्बन्धि विवरण नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा र सम्बन्धित अस्पतालले दुरुस्त राख्नु पर्नेछ।

अनुसूची १

(दफा ४ संग सम्बन्धित)

उपचार सेवाको प्रतिवेदन फारम

अस्पतालको नामः

आर्थिक बर्षः

बिरामीको नामः

लिङ्गः

उमेरः

ठेगानाः

खर्चको विवरण

उपचार गर्दा लागेको जम्मा खर्चः

औषधी शुल्क वापतको जम्मा खर्चः

संग्लन बिलहरु

१..............................

२..............................

जनयुद्ध, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको उपचारमा भएको खर्चको विवरणः

| क्र.स. | सेवाको किसिम | खर्चको विवरण | कैफियत |
|---|---|---|---|
| १ | टिकट र दर्ता | | |
| २ | प्रयोगशाला सेवा | | |
| ३ | Radiology सेवा | | |
| ४ | औषधी | | |
| ५ | OT procedures | | |
| ६ | Bed Charge | | |
| ७ | अन्य .... | | |
| | जम्मा | | |

तयार गर्ने

दस्तखत

नाम

पद

सिफारिस गर्ने (उपचारमा संलग्न चिकित्सक)

दस्तखत

नाम

पद

प्रमाणित गर्ने (स्वास्थ्य संस्था प्रमुख)

दस्तखत

नाम

पद

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

**डा. रोशन पोखरेल**
**सचिव**

अनुसूची २

(दफा ४ संग सम्बन्धित)

**अस्पतालले सोधभर्नाको लागि दिने निवेदनको ढाचाँ**

मितिः ......................

श्रीमान् निर्देशकज्यू,
नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा
स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।

विषयः उपचार खर्च सोधभर्ना भुक्तानी उपलब्ध गराईदिने सम्बन्धमा ।

उपरोक्त सम्वन्धमा यस अस्पतालमा ...............साल ...............महिना ............. गते देखि ...............साल ...............महिना ............. गतेसम्म जनयुद्व, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका तपसिल बमोजिमका घाईतेहरूको औषधी उपचार दिए वापत लागेको रु...................... (अक्षरुपी ..........................................................................) रकम खर्च भएको समेत जानकारी गराउँदै, उक्त रकम सोधभर्ना गराईदिन हुन अनुरोध गर्दछु । साथै खर्चको सम्पूर्ण विवरण र आवश्यक कागजातहरु पनि यसै साथ संलग्न गरेको व्यहोरा पनि जानकारी गराउँदछु ।

....................

अस्पताल प्रमुख

तपशिलः

| क्र.सं. | बिरामीको नाम थर | ठेगाना | खर्च रकम | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संलग्न दस्तावेजहरु

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट घाईतेहरूको औषधी उपचारको लागि सिफारिस गारेको पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यलय/गृहमन्त्रालयको सिफारिस पत्र ।
२. उपचार सम्वन्धि अस्पतालको पुर्जी र कागजातहरु
३. खर्च भएको सक्कल बिल भरपाईहरु

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

डा. रोशन पोखरेल
सचिव